राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ५२ २०८२ भदौ २५ गते बुधवार (10 Sep. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## जेनजीको दुई दिने आन्दोलन

# प्रधानमन्त्री सहित आधा दर्जन मन्त्रीले दिए राजिनामा, सयौं कार्यालयमा तोडफोड तथा आगजनी, संयमता अपनाउन अपील

दैनिक समाचारदाता

जनकपुरधाम, २४ भदौ । 'जेनजी पुस्ता'ले सोमबारदेखि सुरु गरेको आन्दोलन मंगलबारसम्म उग्ररूपमा फैलिएको छ । मंगलबार बिहानैदेखि आन्दोलनकारीले सयौंको संख्यामा सरकारी कार्यालय, संवैधानिक अंग र नेताहरूको निवासमा तोडफोड तथा आगजनी गरेका छन् ।

मंगलबार संसद् भवन अगाडिबाट सुरु भएको प्रदर्शन छोटो समयमा नै नियन्त्रणबाहिर पुगेपछि मुलुककै प्रमुख राजनीतिक, प्रशासनिक र न्यायिक संरचना क्षतिग्रस्त बनेका छन् । भ्रष्टाचार, बेथिति, 'नेपो किड्स' र सामाजिक सञ्जाल बन्दको विरोधमा शुरु गरिएको आन्दोलन २७ घण्टामै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामासम्म पुगेको छ ।

आन्दोलनकारीले नयाँबानेश्वरस्थित संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत प्रमुख भवनमा तोडफोड र आगजनी गरेका छन् । संसद् भवनदेखि सिंहदरबारसम्म धुवाको मुस्लो उठेको दृश्य आम जनताले प्रत्यक्ष देखे ।

सर्वोच्च अदालतका सहप्रवक्ता निराजन पाण्डेका अनुसार, अदालत परिसरभित्रका सवारीसाधन र कागजातमा समेत आगजनी भएको छ । त्यस्तै, महान्यायाधिवक्ता कार्यालय, विशेष अदालत र काठमाडौं जिल्ला अदालतसमेत जलेका छन् । महत्वपूर्ण कागजातहरू बाहिर निकालेर जलाइएको समाचार प्राप्त भएको छ ।

त्यसैगरी, एमाले नेता गोकुल बास्कोटा, महेश्वर बस्नेत, महेश बर्तौलालगायत नेताहरूका निवासमा समेत आक्रमण भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दको हात्तिगौंडास्थित निवासमा समेत प्रदर्शनकारीले आगजनी गरेका छन् ।


सिंहदरबारभित्रका सबै मन्त्रालयहरूमा आन्दोलनकारीले प्रवेश गरी आगजनी गरेपछि गृह, प्रधानमन्त्री तथा अन्य मन्त्रालय ध्वस्त भएका छन् । आन्दोलनकारीले राष्टूपति भवन शीतलनिवाससम्म पुगेर आगजनी गरेपछि स्थिति अझ गम्भीर बनेको सुरक्षा स्रोतले जनाएको छ ।

स्थिति नियन्त्रणबाहिर गएसँगै प्रधानमन्त्री ओलीले मंगलबार अपराह्न पदबाट राजीनामा दिएका छन् । राष्टूपति रामचन्द्र पौडेलले संविधानको धारा ७७ को उपधारा (३) बमोजिम ओलीको राजीनामा स्वीकृत गर्दै नयाँ मन्त्रिपरिषद् गठन नभएसम्म हालको मन्त्रिपरिषद्लाई कार्यवाहकको जिम्मेवारी दिने निर्णय गरेका छन् ।

जेन्जी पुस्ताको प्रदर्शनीमा प्रहरी कारवाहीमा होनाहार १९ युवा मारिएपछि प्रदर्शनीले उग्ररुप धारणा गरेको थियो ।

## मधेश प्रदेशमा जेनजी आन्दोलन उग्र : मुख्यमन्त्री सिंहको राजिनामा, दर्जनौं कार्यालयमा आगजनी







जनकपुरधाम । 'जेनजी पुस्ता'ले सुरु गरेको आन्दोलन मधेश प्रदेशमा पनि उग्र बनेको छ । मंगलबार बिहानदेखि जनकपुरधामसहित आठवटै जिल्लामा प्रदर्शन चर्किँदा सरकारी तथा गैर(सरकारी कार्यालयहरूमा तोडफोड र आगजनी भएको छ । आन्दोलन नियन्त्रणबाहिर गएपछि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पदबाट राजीनामा दिएका छन् ।

आन्दोलनका क्रममा मानवीय क्षति नभए पनि संवैधानिक तथा प्रशासनिक संरचनामाथि ठूलो नोक्सानी पुगेको छ । जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा भवन, केही मन्त्रालयहरू, जिल्ला प्रशासन कार्यालय, उपमहानगरपालिकाको कार्यालय, ट्राफिक प्रहरी कार्यालयमा आन्दोलनकारीले आगजनी गरेका छन् ।

त्यस्तै, प्रमुख दलहरूका कार्यालयहरू समेत आन्दोलनकारीको निशानामा परेका छन् । नेपाली कांग्रेस, नेकपा एमालेका जिल्ला कार्यालयमा क्षति पुर्‍याइएको छ । नेकपा एमालेका नेता रघुवीर महासेठको निवास तथा जसपा नेपालका सांसद राम अशिष यादवको निवासमा समेत तोडफोड र आगजनी भएको छ ।

मधेश प्रदेशका अन्य जिल्लाहरूमा पनि समान प्रभाव परेको छ । बारा, पर्सा, रौतहट, सिरहा, सर्लाही र महोत्तरीका जिल्ला प्रशासन कार्यालय, केही नगरपालिकाको कार्यालय र सरकारी सवारी साधन जलाइएका छन् । आन्दोलनकारीको भीडले नियन्त्रण गुमाउने अवस्था आएपछि जनकपुरधाम उपमहानगरपालिका, धनुषा जिल्ला प्रशासन र पर्सा जिल्ला प्रशासनले वीरगञ्ज महानगर क्षेत्रमा अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेका छन् ।

जेनजी पुस्ताले भ्रष्टाचार, बेथिति, राजनीतिक हस्तक्षेप र सामाजिक सञ्जाल बन्दको विरोधमा आन्दोलन सुरु गरेको हो । आन्दोलन शान्तिपूर्ण रुपमा सुरु भए पनि छोटो समयमै हिंसात्मक र विनाशकारी रूप लिन पुगेको सुरक्षा निकायहरूले जनाएका छन् ।

प्रदेशको राजनीतिक नेतृत्व राजीनामा दिन बाध्य भएको घटनालाई स्थानीयले आन्दोलनकारी युवाको आक्रोशको परिणामका रूपमा लिएका छन् । प्रशासनले भने स्थिति नियन्त्रणमा लिन थप सुरक्षा बल परिचालन गरिएको जनाएको छ ।

## आन्दोलनकारीलाई संयमता अपनाउन आग्रह

जेनजी पुस्ताद्वारा सुरु गरिएको आन्दोलन हिंसात्मक रूप लिँदै देशभर तनावपूर्ण वातावरण सिर्जना भइरहेका बेला विभिन्न पक्षबाट संयमता अपनाउन आह्वान गरिएको छ ।

नेपाली सेनाले विद्यमान परिस्थितिलाई थप जटिल हुन नदिन सम्पूर्ण युवा जनशक्ति र नागरिकलाई शान्त र संयमित रहन अनुरोध गरेको छ । आज जारी गरिएको सेनाको विज्ञप्तिमा सामाजिक सद्भाव, राष्ट्रिय एकता र ऐतिहासिक तथा सांस्कृतिक सम्पत्तिको संरक्षण हाम्रो साझा दायित्व भएको उल्लेख गरिएको छ । सेनाले भनेको छ, "नेपाल र नेपाली जनताको हित र सुरक्षामा सदैव समर्पित नेपाली सेना जीउधनको रक्षा गर्न प्रतिबद्ध छ ।"

सेनाले आन्दोलनका क्रममा भएको जनधनको अपुरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चीरशान्ति, शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको शुभकामना व्यक्त गरेको छ ।

यसैबीच, नेपाल पत्रकार महासंघका पूर्वपदाधिकारी तथा नागरिक समाजका अगुवाहरूले आन्दोलनमा सरकारबाट गरिएको दमनको



कडा निन्दा गरेका छन् । संसद् भवन अगाडि भएको गोलीकाण्डमा १९ युवाको ज्यान गएपछि उनीहरूले उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्न माग गरेका छन् । जारी अपिलमा भनिएको छ, "भ्रष्टाचार, कुशासन र बेथिति अन्त्य गर्ने मागसहित शान्तिपूर्ण

बाँकी पृष्ठ ३मा

## राष्ट्रपति-जेनजी संवादमा सेनाले गर्नेछ सहजीकरण

काठमाडौंमा मंगलबार उत्पन्न तनावपूर्ण परिस्थितिलाई संवादको माध्यमबाटै हल गर्न नेपाली सेनाले जोड दिएको छ ।






सेनाका एक उच्च अधिकारीले बताएअनुसार सबै सुरक्षा संयन्त्रका प्रमुखसहित भएको छलफलबाट वार्ताबाटै समाधान निकाल्नुपर्नेगरी सुझाव राष्ट्रपति रामचन्द्र पौडेललाई दिइएको छ ।

'त्यहीअनुसार राष्ट्रपति कार्यालयले संवादका लागि आह्वान गरिसकेको छ, त्यो छलफलमा अब कसरी अघि बढ्ने भन्ने विषयमा विभिन्न मोडलका कुरा हुनेछन्,' उनले भने, 'परिस्थितिलाई साम्य पार्न लिनुपर्ने विकल्पहरुमा छलफल हुनेछन् र निर्णय हुन्छ ।'

बाँकी पृष्ठ ३मा



## सम्पादकीय

# जेनजी पुस्ताको आक्रोश र हाम्रो दायित्व

जेनजी पुस्ता–समकालीन विश्वसँग जोडिएको, डिजिटल चेतनाले सुसज्जित, सामाजिक न्याय र पारदर्शिताका खोजीमा अघि बढेको पुस्ता हो । यस पुस्ताले उठाएको आवाजलाई सामान्य असन्तोषको रूपमा मात्र व्याख्या गर्नु गम्भीर भूल हुनेछ । भ्रष्टाचार, बेथिति, राजनीतिक परिवारवाद र असमानताले थिचिएका युवाहरूले जब सडक रोज्छन्, त्यसको अर्थ परम्परागत राजनीति असफल भएको प्रमाण हो ।

काठमाडौंदेखि जनकपुरधाम, मधेशदेखि पहाड-हिमालसम्म फैलिएको यो आन्दोलन केवल सामाजिक सञ्जाल बन्द वा नेताको राजीनामामा सीमित छैन, यो आन्दोलन प्रणालीगत परिवर्तनको चाहनामा आधारित छ । जेनजी पुस्ताले मागेको पारदर्शिता, जवाफदेहिता र सुशासन कुनै विलासिता होइन, संविधानले प्रत्याभूत गरेका अधिकार हुन् ।

तर दुर्भाग्य, यो आन्दोलन शान्तिपूर्ण बाटोबाट हिंसात्मक रूपतर्फ मोडिएको छ । संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतजस्ता संवैधानिक निकायमा भएको आगजनीले आन्दोलनलाई कमजोर तुल्याएको छ । सार्वजनिक सम्पत्ति नष्ट गर्दा अन्ततः क्षति जनताकै हुन्छ। आन्दोलनको वास्तविक उद्देश्यलाई हिंसात्मक घटनाले धुमिल बनाउँछ ।

अब राज्य र युवापुस्ता दुवैले गम्भीर आत्मसमीक्षा गर्न आवश्यक छ । राज्यले आन्दोलनकारीमाथि दमन गर्ने होइन, उनीहरूको मागलाई संवैधानिक बाटोबाट सम्बोधन गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन र सामाजिक न्याय सुनिश्चित गर्ने ठोस कदम तत्कालै चाल्न जरुरी छ । उता, आन्दोलनकारी युवाले पनि आफ्नो ऊर्जा विनाशतर्फ होइन, निर्माणतर्फ मोड्नुपर्छ । प्रणाली परिवर्तन बल प्रयोगले होइन, दीर्घकालीन नीति सुधार र लोकतान्त्रिक अभ्यासले सम्भव हुन्छ ।

जेनजी पुस्ताले उठाएको आक्रोशलाई राज्यले चेतावनीको घण्टीका रूपमा लिनुपर्छ । यदि युवाको विश्वास गुमाइयो भने, लोकतन्त्रमा विश्वास गुम्नेछ । त्यसैले यो आन्दोलन केवल विरोध होइन, सुधारको अवसर पनि हो । प्रश्न यही हो–के हाम्रो राजनीतिक नेतृत्व यो अवसरलाई चिन्छ, वा फेरि ढिलाइ गर्दै नयाँ संकट निम्त्याउँछ ?

# संविधानले होइन, आवश्यकताको सिद्धान्तले दिनेछ नागरिक सरकार



जनार्दन बराल

१५ देखि २८ वर्ष उमेर समूहका युवाहरू अर्थात् जेनजीको दुई दिनको आन्दोलनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा गर्न बाध्य मात्रै बनाएन, राज्यका तीनवटै अंग कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाका सचिवालयहरूलाई आगो लगाएर ध्वस्त बनाइदियो ।

नेपालका इतिहासमा अनेकपटक सत्तापलटहरू भए पनि यसरी सम्पूर्ण राज्य संयन्त्रमाथि कसैले कब्जा जमाएको यो नै पहिलोपटक हो ।

आजसम्म दुई दिनको आन्दोलनमा पहिलो दिन राज्यले गैरकानुनी रूपमा र अत्यन्तै असंवेदनशील ढंगले कम्तीमा १९ जना युवा विद्यार्थीको हत्या गरिदिएपछि दोस्रो दिन राजधानीलगायत देशका अधिकांश सहरका सरकारी तथा निजी सम्पत्तिमाथि युवाहरूले ठूलो क्षति पुऱ्याए ।

प्रधानमन्त्री, मन्त्री तथा नेताहरूका घरमा आगजनी तथा व्यक्तिगत आक्रमणमा समेत आन्दोलनकारीहरू उत्रेपछि प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ढल्यो । तर, यसको निकाश के त भन्नेमा भने अझै पनि अन्योल छ ।

आन्दोलनको बलमा सरकार ढलेपछिको अहिलेको परिस्थितिमा संवैधानिक रिक्तताको अवस्था छ । आन्दोलनकारीहरू र नागरिक समाजबाट पनि शक्तिशाली नागरिक सरकारको माग भइरहेको छ । त्यसका लागि संसद् विघटनको माग पनि आन्दोलनकारीहरूले गरेका छन् ।

अहिलेको संविधानअनुसार अहिले कायम वैधानिक सर्वोच्च संस्था राष्ट्रपति हो । राष्ट्रपति राष्ट्रप्रमुख हुनुका अतिरिक्त, नेपाली सेनाका परमाधिपति पनि हुन् ।

तर, १० वर्षअघि बनेको नयाँ संविधानले राष्ट्रपति एक्लैलाई संसद् विघटन र नयाँ नागरिक सरकार गठन दुवै काम गर्ने अधिकार दिएको छैन । कतिसम्म भने राष्ट्रपति एक्लैले देशमा संकटकाल घोषणा गरी संवैधानिक प्रावधानहरू निलम्बन गरी संसद् विघटन वा नागरिक सरकार निर्माणको नेतृत्व पनि गर्न सक्ने संवैधानिक प्रावधान छैन ।

अर्कातिर, जेनजीको आन्दोलन आवेगमा उठेको असंगठित आन्दोलन हो । आन्दोलनले सत्तापलट नै गरिसकेको अवस्थामा यसको नेतृत्व लिन विभिन्न व्यक्तिहरूबीच प्रतिस्पर्धा होला । तर, अहिलेसम्म राजनीतिक समस्या समाधानका लागि आन्दोलनकारीका तर्फबाट कोसँग वार्ता गर्ने पनि स्पष्ट छैन ।

आन्दोलनकारीको भावनालाई हेर्दा त्यस्तो व्यक्ति काठमाडौं महानगरपालिकाका मेयर बालेन हुन सक्छन् । तर, उनी आफैंले भने आफू जेनजीभन्दा बढी उमेरको भइसकेकाले जेनजीले नै देशको नेतृत्व गर्नुपर्ने बताइरहेका छन् ।

यस्तो राजनीतिक र संवैधानिक रिक्तताका बीच विद्यमान संविधानले मुलुकलाई निकास दिन नसक्ने सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हा बताउँछन् ।

त्यसैले आवश्यकताको सिद्धान्त (डक्ट्रिन अफ नेसेसिटी)अनुरूप राष्ट्रपतिले राष्ट्रप्रमुखमा निहीत हुने अधिकार प्रयोग गरी ती काम गर्नसक्ने पूर्वन्यायाधीश सिन्हाको भनाइ छ

'विद्रोहको निकास संविधानले दिँदैन, त्यो हिजो पनि दिएको होइन, अहिले पनि दिँदैन । नेपाली सेनाको परमाधिपति राष्ट्रपति हुने भए पनि उनलाई संकटकाल घोषणा गर्ने, संसद् विघटन गर्ने तथा नागरिक सरकारको अधिकार पनि दिएको छैन,' पूर्वन्यायाधीश सिन्हा भन्छन् ।

यस्तो परिस्थितिमा राष्ट्रपतिले नै आवश्यकताको सिद्धान्तअनुरूप संकटकाल लगाउने, संसद् विघटन गर्ने तथा नागरिक सरकारका लागि आह्वान गर्ने लगायत काम गर्नुपर्ने हुनसक्छ ।

अहिले मुलुकमा शान्ति सुव्यवस्था कायम गर्नु नै सबैभन्दा प्रमुख दायित्व भएकाले त्यसका लागि संविधानका धारामा मात्रै समाधान खोज्नु नहुने उनको भनाइ छ ।

'अहिलेसम्म सत्तामा रहेका दलहरूले आफूलाई जे-जे सजिलो हुन्छ, त्यस्ता प्रावधानहरू राखेर (कन्स्टिच्युसनल कन्भेनियन्स) का संविधान बनाएका छन् । हामी नै सर्वेसर्वा हौं, हामीबाहेक कसैकहाँ शक्ति जाँदैन, जुगौंजुग हामी नै शासन सत्तामा बस्ने हौं, भन्ने सोचका साथ संविधान बनेको देखिन्छ,' उनले भने, 'त्यसो हुँदा देशको आवश्यकता अनुसार अब राष्ट्रपतिले कदम चाल्नुपर्ने म देख्छु ।'

सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल पनि अहिलेको परिस्थितिमा राष्ट्रपतिले आफूसँग राष्ट्रप्रमुखका रूपमा भएको अन्तर्निहीत अधिकार प्रयोग गरेर देशमा रहेको सरकारविहीनता र असुरक्षाको अवस्थालाई अन्त्य गर्नुपर्ने बताउँछन् ।

यो सामान्य अवस्था नभएकाले संविधानमा उल्लेख भएका व्यवस्थाले मात्रै समस्याको समाधान नहुने उनको पनि राय छ । 'नेपालको संविधानले यस्तो विद्रोहको अवस्थामा के गर्ने भन्ने लेखको छैन । नयाँ नागरिक सरकार गठन गर्ने वा संसद विघटन गर्ने संवैधानिक अधिकार पनि संविधानले राष्ट्रपतिलाई दिँदैन । तर, त्यसो भनेर देशलाई असुरक्षा र सरकारविहीनताको अवस्थामा राख्नु हुँदैन, ट्र्याकबाट बाहिर गएको मुलुकलाई पुनः ट्र्याकमा नै फर्काउने दायित्व राष्ट्रपतिको नै हो,' उनले भने ।

देश, जनता र लोकतन्त्रलाई सोचेर राष्ट्रपतिले आफूमा निहीत अधिकार प्रयोग गरी स्थितिलाई सामान्य अवस्थामा फकाउनुपर्ने उनको भनाइ छ ।

'सरकार ढल्यो, राज्यका सम्पत्तिहरू ध्वस्त भए । तर, पनि देश छ, जनता छन्, लोकतन्त्र छ, त्यसको सुरक्षा गर्नुपर्ने दायित्व राष्ट्रप्रमुखकै हो,' लालले भने, 'आन्दोलनकारीसँग सहमति गर्दै, उनीहरूका माग सम्बोधन गर्दै देश, जनता र लोकतन्त्रको रक्षाको काम राष्ट्रपतिले गर्नुपर्छ ।'

राजनीतिक विश्लेषक झलक सुवेदी भने सकेसम्म यही संविधानभित्रैबाट निकास निकाल्नुपर्ने बताउँछन् । 'संसद् र सरकार दुवै असफल भएका छन् । तर, यो परिस्थितिको निकास सकेसम्म संवैधानिक प्रक्रियाबाटै हुनु उचित हुन्छ,' उनी बताउँछन् ।

आन्दोलनकारीसँग वार्ता नागरिक सरकार बनाउने सहमति गर्ने, संसद्रुमार्फत संविधान संशोधन गरेर भए पनि त्यसका लागि संवैधानिक बाटो खोल्ने र आन्दोलनकारीकै तर्फबाट चुनावी सरकारको प्रधानमन्त्री बनाउने कुरा नै अहिलेका लागि सबैभन्दा उचित विकल्प भएको उनको भनाइ छ ।

आन्दोलनकारीहरूले संसद् विघटन गरी नागरिक सरकार बनाउने माग गरे पनि संसद् आह्वान गरेर संविधान संशोधन गरी त्यसका लागि बाटो खोल्न सकिने सुवेदी बताउँछन् ।

'संविधान संशोधन गरी नागरिक सरकार बनेपछि संसद् विघटन गरी ताजा जनादेशका लागि जान सकिन्छ, त्यसो हुँदा यो प्रक्रियाको संसदीय अनुमोदन नै उचित विकल्प हो,' उनले भने ।

परिस्थितिमा संविधान पनि विघटन गरियो भने फेरि अराजकता निम्तिने जोखिम रहेको उनी बताउँछन् ।

राजनीतिक विश्लेषक अरुण सुवेदी भने अहिलेको परिस्थितिमा नेपाली सेनाले मात्रै देशलाई निकास दिनसक्ने बताउँछन् ।

'यो असंगठित आन्दोलन हो, त्यसले सत्तापलट त गरिदियो । तर, यो आन्दोलनको नेता छैन,' उनले भने, 'प्रधानमन्त्रीले राजीनामा गरिसके, राष्ट्रपतिप्रति पनि आन्दोलनकारीको भरोसा छैन, त्यस्तो अवस्थामा देशलाई राज्यविहीनताबाट जोगाउने दायित्व सेनाको हो ।'दोस्रो विश्वयुद्धपछि जनरल डी गौलले नेतृत्व लिएर जसरी फ्रान्सलाई जोगाउने दायित्व निर्वाह गरेका थिए, त्यसैगरी नेपाललाई राज्य विहीनताबाट जोगाउने दायित्व पनि सेनाले निर्वाह गर्नुपर्ने उनी बताउँछन् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

**काठमाडौंमा जेनजी पुस्ताको आक्रोश, तोडफोड र आगजनी :** जेनजीले मंगलवार काठमाडौंमा गरेको आन्दोलनको क्रममा नयाँ बानेश्वरस्थित संघीय संसद् भवन, सिंहदरबारभित्रका मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालयलगायत सरकारी संरचनामा तोडफोड र आगजनी गरेका छन्। सर्वोच्च अदालत परिसरभित्र रहेका सवारीसाधन, महत्वपूर्ण कागजात र कार्यालय कक्षहरू जलेर नष्ट भएका छन्। त्यस्तै, महान्यायाधिवक्ता कार्यालय, विशेष अदालत र काठमाडौं जिल्ला अदालतमा समेत आन्दोलनकारीले प्रवेश गरी तोडफोड तथा आगजनी गरेका छन्। नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका केन्द्रीय कार्यालयमा क्षति पुऱ्याइएको छ। एमाले नेता गोकुल बास्कोटा, महेश्वर बस्नेतलगायत नेताहरूको निवास र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दको हात्तिगौंडास्थित घरमा समेत आगजनी भएको छ। त्यसैको केही तस्वीरहरु












# आन्दोलनकारीलाई ......

प्रदर्शनमा रहेका युवामाथि गरिएको निर्मम दमन अस्वीकार्य छ। सत्य, न्याय र परिपूरण सुनिश्चित गर्न सरकारले तत्काल कदम चाल्नुपर्छ।"

अपिलमार्फत मृतक परिवारलाई न्याय र परिपूरण, घाइतेलाई निःशुल्क उपचारको व्यवस्था, पत्रकारलाई निर्बाध समाचार संकलन र सम्प्रेषण गर्ने वातावरणको सुनिश्चितता, साथै आन्दोलनका क्रममा संलग्न अधिकारीहरूलाई निलम्बन गरी छानबिन गर्न माग गरिएको छ। अपिल गर्नेहरूमध्ये तारानाथ दाहाल, गोविन्द आचार्य, रमेश विष्ट, खिलबहादुर भण्डारी, ऋषि धमला र राजन कुइँकेललगायत रहेका छन्।

त्यसैगरी, वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. सन्दुक रुइतले पनि सामाजिक सञ्जालमार्फत आन्दोलनकारीलाई संयमता अपनाउन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभयो, "भाइबहिनीहरू, तपाईंहरूको अदम्य साहसका कारण असहिष्णु नेतृत्व पछाडि हटिसकेको छ। तर सार्वजनिक सम्पत्तिमा आगजनी र नोक्सानी गर्नु उचित हुँदैन।" उहाँले सार्वजनिक सम्पत्ति जोगाउनु सबै नागरिकको पहिलो दायित्व भएको दोहोऱ्याउँदै "सबै मिलेर देश जोगाऔँ, सबै जुटेर देश बनाऔँ" भन्ने आह्वान गर्नुभयो।

देशभर चर्किंदो आन्दोलनबीच सेना, नागरिक समाज र विज्ञहरूको संयमित सन्देशले परिस्थितिलाई शान्त र स्थिर बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

# राष्ट्रपति-जेनजी.....

राष्ट्रपति रामचन्द्र पौडेलले जेनजी प्रदर्शनकारीलाई वार्ताका लागि आह्वान गरिसकेका छन्। बैठकमा नयाँ सरकार गठनदेखि भावी प्रक्रियाका विषयमा छलफल हुनेछ। त्यहाँ हुने निर्णयलाई नेपाली सेनाले पनि मान्ने ती अधिकारले बताए।

'नेपाली सेना सदैव जनताको साथमा छ, अगाडि आउने जिम्मेवारी लिन पनि तयार छ,' ती अधिकारीले भने, 'तर, नागरिकको आवाज मुख्य कुरा हो।'

काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले दिउँसो सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेख्दै जेनजी युवालाई नेपाली सेनाका प्रमुखसँग वार्ता गर्न तयार रहनु भनेका थिए। 'अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नुपर्नेछ, तयार रहनुहोला,' उनले भनेका थिए, 'तर याद रहोस्, वार्ता गर्नुअघि संसद् विघटन भएको हुनुपर्छ।' नेपाली सेनाले समेत विभिन्न पक्षसँग समेत छलफल गरेको छ।

सोमबार भएको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तिमा १९ जना मारिएका थिए, २०० भन्दा बढी घाइते भएका थिए।

मंगलबार त्यसको विरुद्धमा भेला भएका प्रदर्शनकारीले सुरक्षा घेरा तोडेर बानेश्वरस्थित संसद् भवनमा प्रवेश गरेका थिए। त्यसपछि सिंहदरबार, सर्वोच्च अदालत लगायतका स्थानमा आगजनी भएको थियो।

तनावको स्थिति सिर्जना भएपछि अपराह्न सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाल र नेपाली जनताको हित र सुरक्षामा सदैव समर्पित नेपाली सेनाले हाल विकसित अवस्थालाई मध्यनजर गर्दै नेपाल र नेपाली जनताको जिउधनको रक्षा गर्न प्रतिबद्ध रहेको छ। यस विषम परिस्थितिमा देशको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक र राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो।'

अहिलेको परिस्थितिलाई थप जटिल हुन नदिन सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई कायम राख्दै संयमित हुन समेत विज्ञप्तिमा आग्रह गरिएको छ। दिउँसो जेनजी युवा संसद् भवनभित्र प्रवेश गरेपछि स्थिति नियन्त्रणबाहिर गएको थियो। त्यसपछि नेपाली सेनाले जेनजी युवालाई पहरा दिएको थियो। सेना आफूहरुको पक्षमा उभिएर चुपचाप बसेको भन्दै युवाले खुशी व्यक्त गरेका थिए।

उनीहरुले 'नेपाली सेना जिन्दवाद, सेना हाम्रो साथी हो' लगायतका नारा लगाएका थिए।



## राति १० बजेबाट सुरक्षाको नेतृत्व सेनाले लिने

दैनिक समाचारदाता
काठमाडौं, २४ भदौ। मंगलबार दिनभरको तनाव साम्य नभएपछि नेपाली सेनाले तत्काल लुटपाट, आगजनी लगायतका कार्य रोक्न आग्रह गरेको छ।
सूचनाका बाबजुद यस किमिसका कार्य नरोकिए राति १० बजेबाट नेपाली सेनासहित सबै सुरक्षा संयन्त्र परिचालित हुने समेत भनिएको छ।
सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जारी गरेको विज्ञप्तिमा 'विषम परिस्थितिको अनुचित फाइदा उठाएर केही समूहले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुऱ्याउने काम' गरेको भनिएको छ। यस्तोमा त्यसलाई नियन्त्रणमा लिन सम्पूर्ण राष्ट्रवासीलई सहयोगका लागि अपिल समेत गरिएको छ।
'तत्पश्चात सुरक्षा स्थितिको पुनर्मूल्यांकन गरी थप सूचना जारी गरिनेछ,' विज्ञप्तिमा भनिएको छ।

## कञ्चनपुरमा कहाँ कहाँ तोडफोड र आगजनी भयो

दैनिक समाचारदाता
कञ्चनपुर, २४ भदौ। आन्दोलनकारीहरूले कञ्चनपुर सदरमुकाममा महेन्द्रनगरमा सत्तारुढ कांग्रेस एमालेका जनप्रतिनिधि र नेताहरूको घरमा आगजानी र तोडफोड गरेका छन्। कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ का सांसद गृहमन्त्री रमेश लेखकको जानकी टोल र बेदकोट नगरपालिका-८ स्थित घरमा तोडफोड र आगजनी गरिएको छ। भीमदत्त नगरपालिका-६ ऐंठपुरस्थित सुदूरपश्चिम सरकारका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलको घरमा आगजनी गरिएको छ। सुदूरपश्चिम सरकारका पूर्वआर्थिक मामिलामन्त्री प्रकाश रावलको खैरेनीस्थित घरमा पनि आगजनी र तोडफोड गरिएको छ।
भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटी र उपप्रमुख निलम लेखक जोशीको घरमा तोडफोड गरिएको छ। बोगटीमा उल्टाखाम र उपमेयरको जानकी टोलस्थित घरमा तोडफोड गरिएको छ। भीमदत्त नगरपालिका निवर्तमान नगर प्रमुख सुरेन्द्र विष्टको घरमा पनि तोडफोड गरिएको छ।
सुदूरपश्चिम सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पालको भीमदत्त नगरपालिका-१८ सालघारीस्थित घरमा तोडफोड र आगजनी गरिएको छ। सुदूरपश्चिम प्रदेश सभा सदस्य मधु भारतको जानकी टोलस्थित घरमा पनि तोडफोड भएको छ। यसैगरी बेदकोट नगरपालिकाका नगर प्रमुख भोजराज बोहरा महेन्द्रनगर बजार गल्ली नं १ स्थित घरमा तोडफोड गरिएको छ।
जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराको भीनपा-४ भगतपुरस्थित घरमा तोडफोड र आगजनी गरिएको छ। यसैगरी, शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक भवन तोडफोड गरिएको छ।
कार्यालयभित्रका फर्निचर, कम्प्युटरलगायतका सामान तोडफोड गरिएका छन। नगरपालिकाका १२ वटै वडा कार्यालयमा तोडफोडसँगै कार्यालयभित्र रहेका सामान बाहिर निकालेर आगजनी गरिएको छ।
एमाले कञ्चनपुर इञ्चार्ज निरुदेवी पालको मेन रोडस्थित घरमा तोडफोड गरिएको छ। आन्दोलनकारीले प्रशासन कार्यालयमा आगजनी र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा तोडफोड गरेका छन्। भीमदत्त नगरपालिकाको प्रवेशद्वारमा आगजनी गरिएको छ। कृष्णपुर नगरपालिकाका नगर प्रमुख हेमराज ओझाको घरमा तोडफोड गरिएको छ। सत्तारुढ कांग्रेस र एमालेका पार्टी कार्यालयमा तोडफोड र आगजनी गरिएको छ। दोधारा चाँदनी नगरपालिका कार्यालयमा ढुङ्गा प्रहार भएपछि सिसा फुटेका छन्। दोधारा चाँदनीस्थित कांग्रेस पार्टी कार्यालयमा आगजनी र तोडफोड गरिएको छ।

# आन्दोलनरत पक्षलाई वार्तामा आउन प्रधानसेनापतिको अपिल



दैनिक समाचारदाता
काठमाडौं, २४ भदौ। नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनरत पक्षलाई शान्तिपूर्ण निकासका लागि वार्तामा आउन आह्वान गरेका छन्।
मंगलबार साँझ एक भिडियो सम्बोधन गर्दै उनले भने, 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको साझा कर्तव्य हो। त्यसैले आन्दोलनका कार्यक्रमहरू स्थगित गरी वार्ताको बाटो समाउन अनुरोध गर्दछु।'
उनले हालै देशभर भइरहेका आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदना र सहानुभूति प्रकट गरेका छन्।
प्रधानसेनापति सिग्देलले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको शुभकामना व्यक्त गर्दै शान्ति, सुरक्षा, अमनचयन र राष्ट्रिय एकता कायम राख्न सबै नेपालीको साझा दायित्व रहेको बताएका छन्।
उनले भने, 'नेपालको इतिहासले साक्षी बसेको जस्तो, मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र नेपाली जनताको सुरक्षार्थ नेपाली सेना सदैव प्रतिबद्ध रहन्छ।'
सिग्देलले आन्दोलनका कारण राष्ट्रिय तथा ऐतिहासिक सम्पदा, सार्वजनिक तथा नागरिक सम्पत्ति, आम नागरिक, मित्रराष्ट्रका कूटनीतिक नियोग तथा सरोकारवालाको सुरक्षामा प्रतिकूल असर नपार्ने कुरामा जोड दिए।
उनले मातृभूमि र देशको जयगान गर्दै राष्ट्रिय सद्भाव र एकताका लागि सबैलाई एकसाथ अगाडि बढ्न आग्रह गरेका छन्।

# नख्खुका सबै कैदी निस्किए, कारागार खाली




दैनिक समाचारदाता
काठमाडौं, २४ भदौ। जेनजीहरूको उग्र प्रदर्शनपछि ललितपुरको नख्खु कारागारमा रहेका सबै कैदी निस्किएका छन्। रास्वपा सभापति रवि लामिछानेसहितका कैदीहरू प्रदर्शन उग्र बनेपछि कारागारबाट बाहिरिएका हुन्।
कारागारबाहिर प्रदर्शनकारीहरू पुगेसँगै कारागार प्रशासन निरीह बन्न पुगेको थियो। लगत्तै, लामिछानेसहितका कैदीहरू बाहिरिएका छन्।
ललितपुरका एसएसपी श्यामकृष्ण अधिकारीका अनुसार, अहिले कारागार पूरै खाली भएको छ। 'कोही पनि कैदी अहिले कारागारमा छैनन्,' अधिकारीले भने। सोमबार र मंगलबार भएको प्रदर्शन अराजक बन्न पुगेको थियो।जेनजी प्रदर्शकारीले गरेको प्रदर्शनका कारण २० बढीको मृत्यु भइसकेको छ।
देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री लगायत उच्च पदस्थहरूको कार्यालयमा आगजनी भएको छ। सबै संरचना ध्वस्त भएका छन्। यसैबीच सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिइसकेका छन्।

# सुदूरपश्चिमका सबै प्रमुख सरकारी कार्यालयहरुमा आगजनी

दैनिक समाचारदाता
धनगढी, २४ भदौ। सुदूरपश्चिमको अस्थायी राजधानी धनगढीमा सोमबार पनि जेनजी पुस्ताका युवाहरूले आन्दोलन प्रदर्शन गरेका थिए।
प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयदेखि जिल्ला प्रशासन कार्यालय हुँदै फेरि मन्त्रिपरिषद्को कार्यालय हुँदै ट्राफिक चौराह- सहीद गेट क्षेत्रमा प्रदर्शन गरेका उनीहरू सानो समूहमा सहभागी थिए।
काठमाडौंमा जेनजी आन्दोलनले हिंसात्मक मोड लिएपछि नेपाल प्रहरीले उनीहरूलाई पछ्याउँदै घेरा हालेर राखेको थियो। सोमबार कम संख्यामा भएको जेनजीका युवाहरूले शान्तिपूर्ण प्रदर्शन मात्र गरेका थिए। तर, मंगलबार बिहानैदेखि भएको प्रदर्शनमा भने ठूलो संख्यामा धनगढीमा देखिए।
कैलाली बहुमुखी क्याम्पसको मूल गेटबाट क्याम्पस पोशाकमा समेत देखिएका जेनजी युवाको एक समूह मंगलबार बिहानै त्यहाँबाट निस्किएको थियो। प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि उक्त समूहले प्रदर्शन गर्दै नाराबाजी गरिरहेको थियो। बिहान ९ बजेपछि त्यहाँ विभिन्न ठाउँबाट आएको जेनजी समूहका युवाहरू भेला हुँदै नाराबाजी गर्न थाले। भीड बढ्दै जान थालेपछि जेनजीको प्रदर्शनले विस्तारै ठूलो रूप लिन थाल्यो। कसैले नेतृत्व नगरेको प्रदर्शनमा नेपाली कांग्रेस निकट नेविसंघ, एमाले निकट अनेरास्ववियू, माओवादी निकट अखिल क्रान्तिकारीका चिनिएका नेता कार्यकर्ताहरू समेत प्रदर्शनमा सहभागी देखिन्थे।
कतिसम्म भने धनगढीका व्यवसायीहरूले समेत मुख्यमन्त्री कार्यालय अगाडि पुगेर जेनजीलाई समर्थन गरेका थिए। कैलाली उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पुष्करराज ओझाले सरकारले जेनमी आन्दोलनमा गरेको दमन तानाशाही प्रवृत्ति भएको बताएका थिए।
करीब १० बजेको आसपासमा मुख्ययमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जेनमीका युवाहरू नाराबाजी गर्दै सुदूरपश्चिम प्रदेश सभा भवन अगाडि भेला भएका थिए। त्यहाँ प्रदर्शन सकेर उनीहरू जिल्ला प्रशासन कार्यालय अगाडि पुगे। जिल्ला प्रशासन कार्यालय अगाडि पुग्दा सम्म जेनजी युवाको आन्दोलन शान्तिपूर्ण नै थियो।
प्रशासन कार्यालयमा समेत जेनजीको प्रदर्शनमा सहभागी हुन विभिन्न ठाउँमा निस्किएका जुलुस मिसिने क्रम जारी नै थियो। जिल्ला प्रशासन कार्यालय अगाडि राजनीतिक दल सम्बद्ध विद्यार्थी संगठनका नेताहरूले आन्दोलनको अगुवाई गर्न खोजेपछि 'झोलेहरू गो ब्याक' भन्दै नाराबाजी गरिएको थियो।त्यसपछि अघि बढेको जेनजी आन्दोलन फेरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयतर्फ मोडियो। आन्दोलनमा प्रवेश गरेको एक समूहका युवाहरू करीब साढे ११ बजेतिर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभित्र प्रवेश गरेर ढुंगामुढा प्रहार गर्दै तोडफोडमा उत्रिएपछि प्रदर्शनले उग्र मोड लिएको थियो।
प्रहरीले सम्झाइबुझाई गरेर उनीहरूलाई बाहिर पठाएपनि ढुंगामुढा प्रहार गर्ने क्रम नरोकिएपछि प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो। प्रहरी मुख्यमन्त्री कार्यालयको भीड व्यवस्थापन गरिरहँदा एउटा समूह आगजनी गर्ने भन्दै धनगढी उपमहानगरपालिका-४ स्थित परराष्ट्र मन्त्री आरजू राणा देउवाको निवासतर्फ लागेको थियो।
प्रदर्शनकारीले पहिलो निसाना राणाकै घरलाई बनायो र त्यहाँबाट आगजनी सुरू गरिएको थियो। आगो नियन्त्रणमा लिन धनगढी उपमहानगरपालिकाले दमकल पठाएपनि प्रदर्शनकारीले अघि बढ्न नदिएपछि आगो बलिरह्यो।
त्यहाँ आगो लगाएर फर्किएको समूहले त्यसपछि एमाले कैलाली पार्टी कार्यालयमा आगो लगायो। यति बेला दिउँसोको १२ बजेको थियो। जिल्ला प्रशासन कार्यालयले प्रदर्शनकारी भेला भएको क्षेत्रमा निषेधाज्ञाको आदेश जारी गरिसकेको थियो।
निषेधाज्ञाकै आदेशबीच एमाले पार्टी कार्यालयमा आगो लगाएका प्रदर्शनकारी कांग्रेसको पार्टी कार्यालयमा आगजनी गर्ने भन्दै निस्किएका थिए। तर उनीहरूले सुरूमा कोष तथा लेखा नियन्त्रण कार्यालयलाई निसाना बनाए। त्यहाँ एउटा गाडी र मोटरसाइकलसहित आगो लगाइसकेपछि नेपाली कांग्रेसको पार्टी कार्यालय जलाएका थिए। त्यसपछि उनीहरूले माओवादी केन्द्रको पार्टी कार्यालयमा आगो लगाए। उग्र बनेको समूहले त्यसपछि धनगढी-४ मा रहेको टेम्पल रिसोर्टमा सरकारी कार्यक्रम रहेको थाहा पाएपछि त्यही प्रवेश गरेर आधा दर्जन गाडीमा आगो हालिदिए।
नजिकै रहेको प्रदेश प्रमुखको कार्यालयको मूल गेट फुटाएर त्यहाँ आगजनी गरेका छन् भने दुई वटा गाडी समेत जलाइएको छ। प्रदर्शनकारीले यी सबै गतिविधि सुरक्षाकर्मीकै सामू गरिरहेपनि उनीहरूलाई नियन्त्रणमा लिन सक्ने अवस्था नै थिएन।
सरकारी कार्यालय निसाना बनाएका प्रदर्शनकारीले क्रमशः प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमी व्यवस्था तथा कृषि मन्त्रालय, सहरी विकास तथा भवन कार्यालय, मालपोत तथा नापी कार्यालय, सीटीईभीटीको प्रदेश कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका दर्जन बढि सरकारी कार्यालय छ्यानीछ्यानी आगो लगाएका छन्।
जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकीय अधिकृत तथा सूचना अधिकारी शिवराज जोशीले अधिकांश सरकारी कार्यालयमा आगजनी भएको, सवारीसाधन तोडफोड गरिएको भएपनि यकिन विवरण प्राप्त गर्न नसकिएको बताए। उनका भनाईमा अहिले बाँकी रहेका संरचनाको सुरक्षा कसरी गर्ने ? भन्नेतिर केन्द्रीत भएकाले विवरण संकलन गर्न नसकिएको हो।
तर स्वास्थ्यसँग सम्बन्धीत बाहेकका अधिकांश कार्यालयमा प्रदर्शनकारीले आगजनी गरिदिएका छन्। आन्दोलनकारीले नख्खु कारागारबाट राष्ट्रिय स्वतन्त्र पार्टी( रास्वपा) का सभापति रवि लामिछानेलाई निकालेपछि प्रदर्शनकारी कैलाली कारागार केन्द्रीत भए।
जिल्ला प्रशासन कार्यालयको भवनमा आगो लगाइसकेपछि उनीहरू कैलाली कारागार प्रवेश गरे। करीब पौने ६ बजेको समयमा उनीहरूले त्यहाँ रहेका करीब सात सय जना कैदीबन्दीलाई बाहिर निकालेर आफूसँगै आन्दोलनमा सहभागी गराएका छन्। यो बाहेक प्रदर्शनकारीले धनगढीको भाटभटेनी सुपरमार्केटमा समेत तोडफोड गरेको प्रहरीले जनाएको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४